# जे एलर्टबाट जानकारी प्रदान गर्ने बारे

जे एलर्टबाट निम्न तरिकाले सूचनाको जानकारी प्रदान गरिन्छ ।



# (१) जापानको सिमाना ・ सामुद्रिक क्षेत्रमा मिसाइल खसेको भनेर निर्णय भएको अवस्थामा

**बैलिस्टिक मिसाइल प्रहार**

## ① बैलिस्टिक मिसाइल प्रहारको जानकारी・निकासको आवहान

「मिसाइल प्रहार ! मिसाइल प्रहार ! उत्तर कोरियाबाट मिसाइल प्रहार भएको जस्तो छ । भवनभित्र या जमिनमुनि सर्नुहोला ।」

* सबभन्दा पहिले माथि उल्लेखित मिसाइल प्रहारको जानकारी प्रचार गरी सुरक्षित ठाउँ मा सर्न आवहान गरिन्छ ।

**बाहिर भएको अवस्थामा नजिकै भएको भवन (कंक्रिटले बनेको बलियो भवन भए त्यसमा अथवा बलियो भवन नभएको खण्डमा अरु भवन) भित्र अथवा जमिनमुनि (जमिनमुनिको बजार या सबवे जस्ता स्थान) मा सर्नुहोला ।**

**भवनभित्र भएको अवस्थामा चांडै सर्न सकिने स्थानमा बलियो भवन या जमिनमुनिको स्थान भएमा त्यहाँ सर्नुहोला । यदि यो कुरा गर्न नसकेको खण्डमा सकेसम्म झ्यालबाट पर रही झ्याल नभएको कोठामा सर्नुहोला ।**

## ② सिघ्र सुरक्षित स्थानमा सर्ने आवहान

「सिघ्र सुरक्षित स्थानमा सर्ने ! सिघ्र सुरक्षित स्थानमा सर्ने ! सिघ्र भवनभित्र या जमिनमुनि सर्नुहोला । मिसाइल खस्ने सम्भावना छ । सिघ्र सुरक्षित स्थानमा सर्नुहोला ।」

* जापानको सिमाना・सामुद्रिक क्षेत्रमा मिसाइल खसेको भनेर निर्णय भएको अवस्थामा सिघ्र सुरक्षित स्थानमा सर्ने कुरा आवहान गरिन्छ ।

**बाहिर भएको अवस्थामा सिघ्र नजिकै भएको भवनभित्र अथवा जमिनमुनि सर्नुहोला । साथै, नजिकै उपयुक्त भवन आदि नभएको खण्डमा बस्तुहरुको पछाडि लुक्ने या जमिनमा घोप्टो परेर आफ्नो टाउको जोगाउनुहोला ।**

**भवनभित्र भएको अवस्थामा सकेसम्म झ्यालबाट पर रही झ्याल नभएको कोठामा सर्नुहोला ।**

## ③ खसेको स्थान आदि सम्बन्धि जानकारी (जापानको सिमाना ・ सामुद्रिक सिमाना भित्र खसालिएको)

「मिसाइल खस्यो ! मिसाइल खस्यो ! मिसाइल●●स्थानमा खसेको सम्भावना देखियो । क्रमैसंग जानकारी दिनेभएकोले भवनभित्र सुरक्षित स्थानमा रहनुहोला ।」

* जापानको सिमाना・सामुद्रिक क्षेत्रमा मिसाइल खसेको भनेर अनुमान गरेको अवस्थामा मिसाइल खसेको स्थानको जानकारी प्रदान गरिन्छ ।

क्रमैसंग जानकारी दिनेभएकोले भवनभित्र सुरक्षित स्थानमा रहनुहोला ।

## (२) जापानको सिमाना・सामुद्रिक क्षेत्रमाथिको आकाश पार भएको अवस्थामा

**बैलिस्टिक मिसाइल प्रहार**

### ① बैलिस्टिक मिसाइल प्रहारको जानकारी・निकासको आवहान

「मिसाइल प्रहार ! मिसाइल प्रहार ! उत्तर कोरियाबाट मिसाइल प्रहार भएको जस्तो छ। भवनभित्र या जमिनमुनि सर्नुहोला।」

* सबभन्दा पहिले माथि उल्लेखित मिसाइल प्रहारको जानकारी प्रचार गरी सुरक्षित ठाउँ मा सर्न आवहान गरिन्छ।

**बाहिर भएको अवस्थामा नजिकै भएको भवन (कंक्रिटले बनेको बलियो भवन भए त्यसमा अथवा बलियो भवन नभएको खण्डमा अरु भवन) भित्र अथवा जमिनमुनि (जमिनमुनिको बजार या सबवे जस्ता स्थान) मा सर्नुहोला।**

**भवनभित्र भएको अवस्थामा चांडै सर्न सकिने स्थानमा बलियो भवन या जमिनमुनिको स्थान भएमा त्यहाँ सर्नुहोला। यदि यो कुरा गर्न नसकेको खण्डमा सकेसम्म झ्यालबाट पर रही झ्याल नभएको कोठामा सर्नुहोला।**

### ② मिसाइल पार भएको जानकारी

「मिसाइल पार भयो ! मिसाइल पार भयो ! अघिको मिसाइल●●क्षेत्रबाट●●तर्फ पार भएको जस्तो छ। शंकास्पद बस्तु भेट्टिएमा नजिक नगइकन सिघ्र प्रहरी या दमकल आदिलाई खबर गर्नुहोला।」

* जापानको आकाशबाट मिसाइल पार भएको पुष्टि भएमा सोको जानकारी प्रदान गरिन्छ।

भवनभित्र सुरक्षित स्थानमा रहिरहन आवश्यक छैन। तर, शंकास्पद बस्तु भेट्टिएको स्थान नजिक नगइकन सिघ्र प्रहरी, दमकल या समुद्री सुरक्षा एजेन्सी आदिलाई खबर गर्नुहोला।

# (३) जापानको सामुद्रिक क्षेत्र बाहिरको क्षेत्रमा मिसाइल खसेको अवस्थामा

**बैलिस्टिक मिसाइल प्रहार**

## ① बैलिस्टिक मिसाइल प्रहारको जानकारी·निकासको आवहान

「मिसाइल प्रहार ! मिसाइल प्रहार ! उत्तर कोरियाबाट मिसाइल प्रहार भएको जस्तो छ । भवनभित्र या जमिनमुनि सर्नुहोला ।」

* सबभन्दा पहिले माथि उल्लेखित मिसाइल प्रहारको जानकारी प्रचार गरी सुरक्षित ठाउँ मा सर्न आवहान गरिन्छ ।

**बाहिर भएको अवस्थामा नजिकै भएको भवन (कंक्रिटले बनेको बलियो भवन भए त्यसमा अथवा बलियो भवन नभएको खण्डमा अरु भवन) भित्र अथवा जमिनमुनि (जमिनमुनिको बजार या सबवे जस्ता स्थान) मा सर्नुहोला ।**

**भवनभित्र भएको अवस्थामा चांडै सर्न सकिने स्थानमा बलियो भवन या जमिनमुनिको स्थान भएमा त्यहाँ सर्नुहोला । यदि यो कुरा गर्न नसकेको खण्डमा सकेसम्म झ्यालबाट पर रही झ्याल नभएको कोठामा सर्नुहोला ।**

## ② मिसाइल खसेको स्थान आदिको जानकारी (जापानको सामुद्रिक क्षेत्र बाहिरको स्थानमा खसेको)

「अघिको मिसाइल●●समुद्रमा खसेको जस्तो छ । शंकास्पद बस्तु भेट्टिएमा नजिक नगइकन सिघ्र प्रहरी या दमकल आदिलाई खबर गर्नुहोला ।」

* मिसाइल जापानसम्म नआइकन जापानको सामुद्रिक क्षेत्र बाहिरको स्थानमा खसेको भनी अनुमान भएको अवस्थामा माथि उल्लेखित जानकारी प्रदान गरिन्छ ।

भवनभित्र सुरक्षित स्थानमा रहिरहन आवश्यक छैन । तर, शंकास्पद बस्तु भेट्टिएको स्थान नजिक नगइकन सिघ्र प्रहरी, दमकल या समुद्री सुरक्षा एजेन्सी आदिलाई खबर गर्नुहोला ।

(नोट१) अवस्था अनुसार पठाउने हुनाले माथि उल्लेखित जानकारी सबै नपठाउन पनि सक्छ ।
(नोट२) माथि उल्लेखित जानकारी अवस्था अनुसार परिवर्तन हुने सम्भावना पनि छ ।
(नोट३) आत्मरक्षा सेनाले मिसाइललाई अवरोध गर्ने अवस्था अनुसार जानकारी प्रसारमा परिवर्तन आउने सम्भावना छ ।